## अदालती कारवाइका केही विषयमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः केही प्रकारका फौजदारी मुद्दाहरूमा अभियुक्तलाई थुनामा राखी वा धरौटीमा छाडी कारवाइ गर्नेसमेत अदालती कारवाइका अरू केही विषयमा व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम अदालती कारवाई ( विविध व्यवस्था) ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन २०१८ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

"अदालत" भन्नाले न्यायाधीशको इजलासलाई र कुनै मुद्दाको सम्बन्धमा न्यायिक काम गर्न प्रचलित नेपाल कानून बमोजिम अधिकार प्राप्त अधिकारीलाईसमेत जनाउंछ ।

३. गाथगादी र राजकाज सम्बन्धी मुद्दाको पुर्पक्षको निमित्त अभियुक्तलाई थुनामा राख्नेः

(१) राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दाका अभियुक्तहरूलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिने छ ।

(२) राजकाज सम्बन्धी मुद्दाको अभियुक्त अदालतमा साबित भयो वा तत्काल प्राप्त सबूद प्रमाणबाट निजले कसूर गरेको देखिन आयो भने निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिने छ ।

४. ज्यान सम्बन्धी मुद्दाको अभियुक्तलाई पुर्पक्षको निमित्त थुनामा वा धरौटमा राख्नेः

(१) ज्यान सम्बन्धी मुद्दामा देहायमा लेखिएको अवस्थाका अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिने छ :–

(क) कर्तव्य वाला हुं भनी साबित भै अदालतमा कागज लेखिदिने व्यक्ति वा जहांसुकै भए पनि अधिकार प्राप्त अधिकारीका समक्ष त्यस्तो साबिती कागज गरेकोमा सो कागज निजले आफ्नो राजीखुशीबाट गरेको होइन भन्ने कुरा अदालतलाई विश्वास हुने कारण नभएसम्म त्यस्तो व्यक्ति , वा

(ख) फेला परेसम्मको दशी वा अन्य सबूद प्रमाणबाट कर्तव्यवाला हो भन्न सकिने परिबन्द पुगेको व्यक्ति, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कुनै पोलिएको व्यक्तिका सम्बन्धमा अधिकार प्राप्त अधिकारीद्वारा लाश जांच हुंदा कर्तव्य देखिनआएकोमा मौका तहकिकात हुंदा बुझिएको सरजमीनका मानिस मध्ये कर्तव्यवाला होइन भन्ने कोभन्दा कर्तव्यवाला हो भनी तथ्यसाथ कीटानी लेखी दिनेको संख्या बढी देखिएकोमा त्यस्तो पोलिएको व्यक्ति ।

(२) ज्यान सम्बन्धी मुद्दामा कर्तव्यवाला हो भन्ने कीटानी साथ पोल उजूर परेकोमा उपदफा (१) मा लेखिएदेखि बाहेक अरू अवस्थाका अभियुक्तसंग दुइहजार २०००। रुपियांसम्म धरौटी ली मुद्दाको पुर्पक्ष गरिने छ ।

(३) ज्यान सम्बन्धी मुद्दामा कर्तव्यवाला यही हो भनी कीटानी पोल उजूर नगरी शंकासम्म गरी वा शंकासम्म देखाई पोल उजूर गरेकोमा उपदफा (१) मा लेखिएदेखि बाहेक अरू अवस्थाका अभियुक्तसंग रु. २००। दुइसयसम्म धरौट ली मुद्दाको पुर्पक्ष गरिने छ ।

(४) पहिले भवितव्य भई वा बचाउका निमित्त केही गर्दा ज्यान मरेको भन्ने भै मुद्दाको कारवाइ चलिरहेकोमा पछि बुझिएको प्रमाणबाट कर्तव्य देखिनआयो भने अवस्थानुसार माथि उपदफाहरू मा लेखिए बमोजिम गरी मुद्दाको पुर्पक्ष गरिने छ ।

५. भवितव्य परी वा बचाउका निमित्त केही गर्दा ज्यान मरेको मुद्दा सम्बन्धी व्यवस्था:

(१) आफ्नो वा अरू कसैको ज्यान मार्न खोज्नेबाट बचाउ गर्नको निमित्त केही गर्दा वा प्रचलित नेपाल कानूनले भवितव्य परी मरेको ठहरिन सक्ने कुनै कुरा गर्दा भवितव्य भै ज्यान मर्न गएकोमा बाटाको म्याद बाहेक त्यस्तो भएको २४ घण्टाभित्र आफैंले वा आफ्नो मानिसद्वारा अदालत वा पुलिस कर्मचारी वा जिल्ला प्रशासनका अधिकारी समक्ष जाहेर गरेको रहेछ भने वारदातको रूप हेरी त्यसरी मार्ने व्यक्तिसंग रु. १००। एक सयदेखि रु. ४००। चारसयसम्म धरौट लिई र आफैं वा आफ्ना मानिसद्वारा त्यसरी जाहेर गरेको रहेनछ भने वारदातको रूप तथा अवस्था हेरी रु. २००। दुइ सयदेखि रु. ८००। आठसयसम्म धरौट लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गरिने छ ।

(२) कसैले चोरी वा डांका गरिरहेको अवस्थामा वा चोरी वा डांका गरी माल सामान लिई वा सबैको ज्यान मारी वा ज्यान मार्नेसम्मको खतरा पारी जान वा भाग्न लागेको अवस्थामा निजलाई पक्रन खोज्दा आफैं माथि वा अरू कसै माथि आइलागी ज्यान जानेसम्मको खतरा पारेको वा पार्न लागेको देखी हतियार नचलाई नहुने अवस्था पर्न गई हतियार चलाउंदा सो व्यक्ति मर्न गएकोमा वा सरकारी धनमाल वा कुनै नेपाल कानूनमा सार्वजनिक हितको लागि संरक्षण गर्नु पर्ने भनी किटी लेखिएको कुनै आवश्यक वस्तु कसैले जवर्जस्ती लिई जान वा बिगार्न वा नास्न लागेकोमा त्यसको बचाउ गर्न वा नोक्सान हुनबाट रोक्न अरू कुनै उपायले काम नदिएबाट तुरुन्त केही गर्दा त्यस-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाट वा कैदी वा थुनु वा भाग्न वा भगाउन लागेकोमा भाग्न नदिन वा पक्राउ गर्न आवश्यक कुनै काम गर्दा त्यसबाट कुनै व्यक्ति मर्न गएकोमा बाटाको म्याद बाहेक त्यस्तो वारदात भएको २४ घण्टाभित्र आफैले वा आफ्ना मानिसद्वारा अदालत वा पुलिस कर्मचारी वा जिल्ला प्रशासनका अधिकारीका समक्ष जाहेर गरेको रहेछ भने त्यस्ता व्यक्तिलाई तारेखमा राखी र आफैं वा आफ्ना मानिसद्वारा त्यसरी जाहेर गरेको रहेनछ भने वारदातको रूप हेरी रु. ५००। पांच सयसम्म धरौट लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गरिने छ ।

६. गर्भ तुहायो भन्ने मुद्दाका अभियुक्तलाई थुना वा धरौटमा राख्नेः जानी जानी वा जवर्जस्ती गरी गर्भ तुहायो भन्ने मुद्दाको अभियुक्तलाई निज सो कसूरमा अदालतका समक्ष साबित भयो भने थुनामा राखी र अरू अवस्थामा अवस्थानुसार रु. ५००। पांच सयसम्म धरौट लिई वा नलिई मुद्दाको पुर्पक्ष गरिने छ ।

७. ज्यान जोखिम भएको मुद्दामा अभियुक्तलाई थुनामा राख्नेः प्रचलित नेपाल कानूनले गर्न-नहुने कुनै काम कुरा जानी जानी गरेबाट कसैको ज्यान जाने शंका भएकोमा त्यस्तो व्यक्ति मर्ने बांच्नेको दोसांधमा रहेछ भने त्यस सम्बन्धी मुद्दाका साबिती वा वारदातमा पक्राउ भएका वा सरजमीनका अधिकांश मानिसले अपराध गर्ने भनी लेखिदिएका अभियुक्तलाई त्यसरी मर्ने बांच्ने दोसांधमा रहेको व्यक्ति त्यही हालतमा रहेसम्म थुनामा राखिने छ, तर २१ दिनभन्दा बढी थुनामा राख्नु पर्ने अवस्था भएमा मर्न बांच्नको दोसांधमा रहेको व्यक्ति अझै उस्तै हालतमा छ भनी सरकारी चिकित्सकले प्रमाणितगरेको हुनु पर्छ र सो अवधि पछि बढी से बढी प्रत्येक ७ दिनमा न नघाई त्यस्ता चिकित्सकबाट जांच गराई-रहनु पर्छ ।

८. ज्यान बेपत्ता गरचो भन्ने मुद्दा सम्बन्धी व्यवस्थाः ज्यान मारचो भन्न नसकी मानिस बेपत्ता पारचो भन्नेसम्म कुराको उजूरीमा जुन किसिमबाट मानिस बेपत्ता पारचो भनेको हो सो कुरा स्पष्ट लेखी ल्याएमा मात्र सोही कुराको ऐन बमोजिम पुर्पक्ष सम्बन्धी कारवाइ गर्नुपर्छ

९. चोरी डांका मुद्दामा पुर्पक्षको निमित्त अभियुक्तलाई थुना, जमानत वा धरौटमा राख्नेः चोरी वा डांकामा पोलिएका अभियुक्तलाई देहाय बमोजिम गरी मुद्दाको पुर्पक्ष गर्नु पर्छ ।

(क) चोरी वा डांका गरेमा अदालतमा आई साबित भएका वा वारदात गरिरहेको अवस्थामा पुलिस कर्मचारीले पक्रेको कुरा अदालतमा साबित भएको वा चोरी वा डकैती भएको दशीसाथ पक्राउ भएकोमा सो दशी निजसंग रहन आएको मनासिब माफिकको कारण देखाउन नसक्नेलाई थुनामा राखी र

(ख) चोरी वा डांकामा पोलिई समनको म्यादमा गैर भई फरार भएको अभियुक्तलाई अभियोग लागेको कुरा ठहरे हुने सजायको रुपैयाँ धरौट लिई ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. अन्य केही मुद्दामा पुर्पक्षको निमित्त अभियुक्तलाई थुनामा राख्नेः देहायमा लेखिएका मुद्दामा कसूर गरेको कुरा अदालतमा आई साबित हुने वा प्रमाणबाट कसूरदार हो भन्ने देखिन आउने व्यक्तिलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिने छः–

(क) लालमोहर किर्ते गरेको ।

(ख) गोबध गरेको ।

(ग) गैंडा मारेको वा मार्ने उद्योग गरेको ।

(घ) जबर्जस्ती करणी गरेको ।

(ङ) १४ वर्ष नपुगेकी कन्या चोरी गरेको ।

११. हाडनाता करणी मुद्दामा अभियुक्तलाई थुनामा राख्नेः हाडनाता करणी गरे गराएमा अदालतमा साबित भएकोमा नगद दण्ड तिरेर मात्र फुर्सत नपाउने अवस्थाका अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिने छ । तर, सर्वस्व हुनेसम्मको त्यस्तो खतमा साबित भएको रहेछ भने उसको अंशसमेत रोक्का गरी राख्नु पर्छ ।

१२. मसौट वा श्री ५ को सरकारको नोक्सान गरेको इत्यादि मुद्दामा अभियुक्तबाट धरौट लिनेः देहायमा लेखिएको मुद्दामा कसूर गरेको कुरामा साबित भएको वा प्रमाणबाट कसूर गरेको देखिन आएको व्यक्तिसंग निजको कसूर ठहरिए निजले तिर्नुपर्ने बिगो र कसूर गरे वापत हुने सजायको हुने रुपियांसमेत धरौट ली कारवाइ गर्नु पर्छः–

(क) कुनै राष्ट्र सेवकले आफ्ना जिम्माको नगदी जिन्सी मसौट गरेको मुद्दामा ।

(ख) बिगार्न नोक्सान पार्न नहुने श्री ५ को सरकारको धनमाल त्यस्तो गर्न अधिकार नभएको कुनै व्यक्तिले जानी जानी बिना कारण बिगारे नोक्सानपारेको मुद्दामा ।

(ग) कुनै नेपाल कानून बमोजिम संरक्षण गर्नुपर्ने सार्वजनिक वस्तु त्यस्तो–गर्न अधिकार नभएको कुनै व्यक्तिले जानी जानी बिना कारण बिगारे नोक्सान पारेको मुद्दामा ।

(घ) सरकारी अफिसमा रहेको कागजपत्र वा सरकारी अफिसको छाप वा सरकारी काममा सरकारी कर्मचारीको दस्तखत किर्ते गरेको ।

(ङ) खोटा टक मारेको ।

(च) जानी जानी खोटा चलन गरेको ।

१३. राष्ट्र सेवक इत्यादिहरुका हकमा विशेष व्यवस्थाः (१) निजामती सेवातर्फका ग्याजेटेड् वा सोभन्दा माथिका सरकारी कर्मचारी र सोही सरहका अन्य राष्ट्र सेवक उपर निजले गर्न नहुने कुनै कसूर गरेको अभियोगमा मुद्दा चलाउन अधिकार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त अधिकारीबाट स्वीकृति लिनु पर्ने रहेछ भने त्यस्तो स्वीकृति प्राप्त नभएसम्म निजलाई यस ऐन बमोजिम थुनामा राखिने वा निजबाट जमानी वा धरौट मागिने छैन ।

(२) शाही सेनाका अफिसर र जवानका हकमा सैनिक ऐन, २०१६ बमोजिम हुनेछ ।

(३) कुनै नेपाल ऐनले कुनै व्यक्ति हकमा थुन छेकको सम्बन्धमा विशेष व्यवस्था गरेको रहेछ भने सोही बमोजिम हुनेछ ।

१४. अन्य मुद्दा सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा माथिका दफाहरूमा लेखिएदेखि बाहेक अरू मुद्दामा फैसला नहुंदै कसूरमा साबित हुने अभियुक्तसंग निजलाई कानून बमोजिम हुनसक्ने दण्ड, जरिवाना, कैद वा बिगो वापत धरौट लिई मुद्दाको पुर्पक्ष गरिने छ ।

(२) यस ऐनमा माथिका दफाहरूमा लेखिएदेखि बाहेक अरू अवस्थामा कसूरमा इन्कार गर्ने अभियुक्तलाई फैसला नहुंदै थुन्न वा निजबाट धरौट वा जमानत माग्न हुंदैन ।

१५. हुने सजायभन्दा बढ्ता थुनामा राख्न नहुनेः यो ऐन वा अन्य नेपाल कानून बमोजिम पुर्पक्ष निमित्त थुनामा रहेको व्यक्तिलाई कुनै हालतमा पनि त्यस मुद्दामा उसले गरेको कसूर ठहर्दा हुने सजायभन्दा बढी सजाय हुने गरी थुनामा राख्न हुंदैन ।

१६. थुनिएका दिन मिन्हा दिनेः यो ऐन वा अन्य नेपाल कानून बमोजिम पुर्पक्षको निमित्त थुनामा रहेको व्यक्तिलाई मुद्दा फैसला हुंदा लाग्ने ठहरिएको दण्ड जरिवाना वा कैदका सजायको अंकमा निज थुनिएको दिन मिन्हा दी बांकी मात्र असूल गरिने वा कैद गरिने छ ।

१७. थुनामा राख्दा कारण खोली पुर्जी दिनु पर्नेः मुद्दा मामिला सम्बन्धमा जुनसुकै बेहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानूनको यो दफा अनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिने व्यक्तिलाई कारण खोली पुर्जी नदी थुनामा राख्न हुंदैन ।

१८. धरौट दिन नसक्नेलाई थुनामा राख्नेः यो ऐन बमोजिम धरौट दाखिल गरे तारेखमा रहन पाउने व्यक्तिले धरौट दाखिल गर्न सकेन भने त्यस्ता व्यक्तिलाई सो दाखिल गर्न नसकेसम्म थुनामा राख्नु पर्छ ।

तर– दाखिल गर्नुपर्ने धरौट नगदी वापत धनजमानी दिएमा आवश्यक जेथा लेखाई जमानी लिनु पर्छ ।

१९. थुनामा रहेका व्यक्तिको मुद्दा किनारा लगाउनेः कुनै मुद्दामा कुनै व्यक्ति थुनिएको छ कुनै व्यक्ति धरौट जमानीमा वा तारेखमा छ वा फेरार भइराखेको छ र नथुनिएको व्यक्तिको हकमा प्रचलित नेपाल कानून अनुसार अंग पुरचाउन समय लाग्ने भै एकै साथ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दा थुनिएका हकमा निज थुनिएको मितिले प्रचलित नपाल कानूनको म्यादभित्र किनारा लगाउन नसकिने देखिएमा अदालतले थुनिएका व्यक्तिको सम्बन्धमा मात्र जो बुझ्नु पर्ने बुझी किनारा लगाउन सक्नेछ –। त्यसरी किनारा लगाउन हुनेका हकमा किनारा नलगाई विना कारण थनामा राख्न हुंदैन ।

२०. धरौट वा जमानीमा रहेको मानिस थुनामा राख्न वा थुनिएको मानिस छाड्न सकिनेः

(१) यस ऐन बमोजिम तारेखमा वा धरौटमा वा जमानीमा रहेको व्यक्ति उपर परेको मुद्दा कारवाइ गर्दै लांदा थप हुन आएको प्रमाणबाट यस ऐन बमोजिम थुनमा राख्न पर्ने हुन आयो भने त्यस्ता व्यक्तिलाई थुनामा राख्न सकिने छ ।

तर– थुनामा राखेपछि त्यस अघि राखेको धरौट फिर्ता गर्नु पर्छ र जमानी-पत्र भए स्वतः खारेज हुनेछ ।

(२) यस ऐन बमोजिम थुनामा रहेका मानिस उपर परेको मुद्दा कारवाइ ग लांदा अघि जुन प्रमाणको आधारमा थुनिएको छ त्यो प्रमाण बदर भयो भने वा झुट्ठा ठहरियो भने वा अरू कुनै प्रमाणबाट थुन्न नपर्ने देखिन आयो भने यस ऐन बमोजिम धरौट वा जमानी ली वा लिन नपर्नेमा नली तारेखमा छाड्न् सकिने छ ।

२१. धरौट वा जमानीमा रहेको मानिस गैर हाजीर भएमाः यस ऐन बमोजिम धरौट बा जमानीमा रहेका व्यक्ति तोकिएको तारेखमा गयर भयो र नेपाल कानूनले थमाउन सक्ने म्यादभित्र गुज्रेको तारेख थमाई ल्याउन सकेन भने धरौट जफत हुनेछ र जमानी राखेको भए तुरून्त त्यसको जमानी पत्री लाग्ने रुपियां असूल गरी लिनु पर्छ ।

तर– (१) प्रचलित नेपाल कानूनले मुद्दा किनारा गर्नु पर्ने म्याद नाघेको छ महीनापछि तारेख गुजारेको रहेछ भने त्यस्ता व्यक्तिको सम्बन्धमा यो दफा लागू हुनेछैन ।

(२) उसको काबू बाहिरको परिस्थिति पर्न आई तारेख गुज्रन गएको हो र थमाउन नसकेको हो भन्ने मनासिब माफिकको कारण देखाई अदालतलाई विश्वास गरा इएमा अदालतले कारण खोली त्यस्तो धरौटी जफत नगर्ने आदेश गर्न सक्नेछ ।

२२. धरौट फिर्ता वा जमानी बदर गर्नु पर्नेः ढधरौट वा जमानीमा छुटेको व्यक्तिबाट मुद्दाको फैसला बमोजिम असूल गर्नु पर्ने केही भए असूल गरी बांकी धरौट फिर्ता हुनेछ र जमानीपत्र स्वतः खारेज भएको मानिने छ ।

२३. उजूरवालालाई धरौट वा जमानत वा थुनामा नराख्नेः कुनै व्यक्ति उपर कुनै फौजदारी अभियोग लगाई नालेश वा उजूर गर्ने वा त्यस्तो अभियोग लगाई कारवाइ चलाउन पुलिसलाई कुनै अपराधको सूचना दिने व्यक्तिलाई त्यस्तो नालेश वा उजूर गरेको वा सूचना दिएको कारणले मात्र मौका तहकिकात वा पुर्पक्षका लागि धरौट जमानी मागिने वा थुनामा राखिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. उजूरवालालाई सजायः (१) सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा ३ अन्तर्गत श्री ५ को सरकार वादी भई चलेको मुद्दामा बाहेक अरू कुनै फौजदारी मुद्दामा कुनै व्यक्तिले झुट्ठा सबूत प्रमाण बनाई रीस इबीले वा मनासिव माफिकको कारण वा तथ्य नभई कुनै व्यक्ति उपर सो मुद्दा चलाएको ठहरेमा झुट्ठा पोल उजूर गरे वापत निजलाई प्रचलित नेपाल कानून बमोजिम हुने सजायको अंकमा नबढाई अदालतले सो अंकको आधासम्म सोही लेखिए बमोजिमको सजाय गर्ने र आधासम्म जसका उपर त्यस्तो झुट्ठा मुद्दा चलाएको हो सो व्यक्तिलाई क्षतिपूर्तिको रूपमा भराई दिन सक्नेछ ।

स्पष्टीकरणः प्रचलित नेपाल कानन बमोजिम पोलाहालाई कैदको सजाय हुनेमा यो दफा अन्तर्गत दिइने क्षतिपूर्तिको लागि सो कैदको सजायको नगद अंक कायम गर्दा एक वर्ष कैदको सजायको रु. ५००। पांच सयसम्म नगद अंक कायम गरिने छ ।

(२) उपदफा (१) अन्तर्गत क्षतिपूर्ति दिनु पर्ने व्यक्तिले सो बमोजिम क्षतिपूर्ति नदिएमा सो वापत कैद गराई पाऊं भनी क्षतिपूर्ति पाउनु पर्ने व्यक्तिले अदालतमा दर्खास्त दिएमा अदालतले क्षतिपूर्तिको अंक विचार गरी बढीमा ३ महीनासम्मको कैदको सजाय गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जेसुकै लेखिए तापनि पोल उजूर गर्दाको अवस्थामा रीस इबी रहेनछ भन्ने वा पोल उजूर गर्नु पर्ने मनासिव माफिकको तथ्य भई गरेको हो भन्ने अदालतलाई विश्वास भएमा त्यस्तो पोल उजूर गर्ने व्यक्तिलाई सो उपदफा (१) मा लेखिए बमोजिमको सजाय मध्ये सबै वा केही नगर्न सक्नेछ ।

२५. अंश हकबाट भराउनेः (१) झुट्ठा फौजदारी अभियोग लगाई पोल वा नालेश वा उजूर गर्ने वा गर्न लाउने व्यक्तिको मृत्यु क्षतिपूर्तिको फैसला हुनु वा भरी भराउ हुनुभन्दा अगावै भए पनि निजका हकवाला मार्फत निजका अंश हकबाट पुगेसम्म क्षतिपूर्ति असूल गरी भराई दिइनेछ ।

(२) यस ऐन बमोजिम क्षतिपूर्ति पाउने व्यक्तिको मृत्यु क्षतिपूर्तिको फैसला हुनु वा भरी भराउ हुनुभन्दा अगावै भए पनि निजका हकवालाले निजले पाउनु पर्ने क्षतिपूर्ति असूल उपर गरी लिन सक्नेछ ।

२६. हर्जानामा दावा नलाग्नेः यस ऐन बमोजिम पुर्पक्षलाई थुनामा रहेको वा धरौट जमानी दिन नसक्ता थुनिएको वा तल्लो अदालतले दिएको सजाय वापत थुनामा बसी अपील दिने व्यक्तिले पछि फैसला हुंदा सफाइ पाउने ठहरियो भने पनि श्री ५ को सरकार वा श्री ५ को कर्मचारी-प्रति कुनै कुराको हर्जाना इत्यादिमा दावा गर्न पाउने छैन ।

तर कुनै कर्मचारीले यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम त्यस मुद्दामा आफूले गर्नु पर्ने कारवाई टायम टायममा गरेको छैन वा छिन्नु पर्ने म्यादमा छिनेको छैन र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसरी कारवाई नगरेको वा नछिनेको मनासिव माफिकको कारण पनि त्यस मिसिलमा जनाइराखेको छैन वा जनाएको कारण मनासिव छैन भन्ने कुरा छिनुवा वा दायरी मिसिल जांच्दा देखिन आयो भने त्यस्ता कर्मचारी उपर ओहदाको कर्तव्य पालन नगरेको सँझी प्रचलित नेपाल कानून बमोजिम कारवाई चलाउन सकिनेछ ।

२७. वयान वकपत्र गराउने: अदालतले कुनै व्यक्तिको वयान वा वकपत्र गराउंदा सवाल गरिएको कुरा जति लेख वद्ध नगरी जवाफ दिएका कुरा मात्र सिलसिलामा मिलाई लेख वद्ध गर्न सक्तछ ।

२८. तारिख थाम्ने अधिकार: प्रचलित नेपाल कानूनले तोकेको म्यादभित्र फैसला हुन नसकेको मुद्दाको कुनै पक्षको तारेख त्यस्तो छिनिने नेपाल कानूनले तोकेको म्याद नाघी सकेपछि गुज्रेकोमा प्रचलित नेपाल कानूनले थाम्ने अन्य म्याद बांकी नभए गुज्रेको मितिले ३५ दिन-सम्ममा मनासिव कारण देखाई थामी माग्न आएमा त्यस अघि जति पटक गुज्रे थमाएको भए पनि सर्वोच्च अदालत वा उच्च अदालतले थामिदिन सक्नेछ ।

तर (१) यसरी तारेख थाम्दा १२ महीनाको अवधिमा एक पटकभन्दा बढी थामिन सक्ने छैन ।

(२) यसरी तारेख थामिएका कारणले मात्र भैसकेको आदेश वा फैसलालाई कुनै असर पर्नेछैन ।

२९. मुद्दा कारवाइ किनारा गर्न नरोकिने: जुन दिन जुन मुद्दाको सम्बन्धमा जे जे कारवाइ गर्न वा किनारा गर्न पर्ने हो सो कुराको सूचना झगडिया वा उसका वारेसलाई दिएको रहेछ भने त्यस दिन तोकिएका टायममा कुनै झगडिया उपस्थित भएन भने पनि तोकिएको काम कारवाइ गर्न सकिनेछ ।

३०. अपील दिंदा धरौटमा छाड्न सकिने: प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए पनि अपील दिन पाउने जुनसुकै मुद्दामा अपील दायर गरी आफूलाई लागेको कैद वा कैदको सजाय वापत अपील सुन्ने अदालतले तोकेको रुपैयां धरौट वा त्यस वापत जमानी दिन पाऊं वा तारेखमा बसी पुर्पक्ष गर्न पाऊं भनेकोमा अपील सुन्ने अदालतले मुद्दाको रूप हेरी आवश्यक धरौट वा त्यस वापत जमानी ली वा नली छाड्न सक्नेछ ।

तर (१) पुर्पक्षकै निमित्त थुनामा रहेकाको हकमा आवश्यक धरौट वा जमानीमा मात्र छाड्न सकिनेछ ।

(२) कैद वर्ष १ को रु. १०००। एक हजारभन्दा बढी धरौट माग्न हुंदैन ।

३१. सरकारी लिखतको नक्कल लिने र दाखिल गर्ने: प्रकाशित नभएको सरकारी लिखतको नक्कल लिने दिने र अदालतमा दाखिल गर्ने गराउने बारे देहाय बमोजिम हुनेछ:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सम्बन्धित विभागका प्रमुखको इजाजत नभई सरकारी काम सम्बन्धको प्रकाश नभएका लिखतको नक्कल लिन वा त्यस्ता लिखतको आधारमा कुनै सबूद प्रमाण अदालतमा दिन पाइने छैन। सम्बन्धित विभागका प्रमुखले उचित ठहराए बमोजिम त्यस्तो इजाजत दिने वा नदिने गर्नेछन्।

(ख) अड्डा सम्बन्धी काम गर्दा गोप्य तवरले थाहा भएको कुनै कुरा सरकारी कर्मचारीले प्रकट गर्दा सार्वजनिक हितमा वाधा पर्छ भन्ने निजलाई लाग्छ भने निजले सो कुरा अदालतलाई प्रकट गर्न वाध्य हुनु पर्ने छैन।

३२. संगठित संस्था उपर स्याद तामेल गर्नेः कुनै कम्पनी करपोरेशन वा अन्य संगठित संस्था उपर कुनै मुद्दाका सम्बन्धमा समन, इतलायनामा स्याद वा सूचना तामेल गर्नु पर्दा सो संस्थाको त्यस वखत मुख्य भै काम गर्ने मेनेजिङ्ग डाइरेक्टर वा डाइरेक्टर वा अरू कुनै कर्मचारीलाई तामेल गरिनेछ।

३३. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ।

३४. खारेजी र बचाउः (१) मुलुकी ऐन अदालती बन्दोवस्तको नं. १५२, १५३, १५४, १५५, १५६, १५७, १५८, १६०, १६१, १६२ र १७८ खारेज गरिएको छ।

(२) यो ऐन वा यस ऐन अन्तर्गतको नियममा लेखिएदेखि बाहेक अरू कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

(३) नेपाल अधिराज्यको संविधानको धारा ५५(४) बमोजिम यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरेको सरह मानी नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ।

लालमोहर सदर मितिः २०१७।११।६।६.

आज्ञाले,
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारका का. मु. सचिव
कानून न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

मुद्रण विभाग

५४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।